नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं.

पत्र संख्या : ०८२/८३
च. नं. : १४६६

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय
विद्युत विकास विभाग
२०५०

मितिः २०८२/११/१९

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री बाउलीगाड ऊर्जा प्रा.लि.,
बुद्धनगर, काठमाडौं।
फोन नः ९८६२७७२६९९

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित बाउलीगाड जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौं संसोधन) को दफा १० को उपदफा ३ को व्यवस्था बमोजिम निम्न विवरणहरू पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८२/११/१७ को निर्णयानुसार जानकारी गराइन्छ।

१. आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन सक्कल स्थलरूप टोपो नक्सा
२. प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि,
३. प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक/अख्तियारी प्राप्त व्यक्ति, पत्राचार गर्ने स्पष्ट ठेगाना (इमेल, पोष्ट बक्स नं.) सम्बन्धमा संचालक समितिको बैठकको निर्णयको सक्कल वा प्रमाणित प्रति,
४. परामर्शदातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा प्रवर्द्धक तथा परामर्शदाताको छाप तथा आधिकारिक व्यक्तिको दस्तखत सहितको),
५. परामर्शदातृ संस्थाको आ.व. २०८१/८२ को कर चुक्ता तथा प्रवन्धपत्रको प्रमाणपत्रको नोटराइज प्रतिलिपि,
६. विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no. समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात विवरणहरु,
७. नेट वर्थ तयार गर्ने CA को संस्था दर्ता प्रमाण पत्र, आ.व.२०८१/८२ को कर चुक्ता प्रमाण पत्र, प्यान दर्ता सम्बन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
८. प्रस्तावित आयोजनाको डेस्क अध्ययन प्रतिवेदन (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)

(सानी पाण्डे)
इन्जिनियर